# क्षमता विकास योजना

## (Capacity Development Plan)

**आर्थिक वर्ष: २०८३/८४–२०८५/८६**




**खजुरा गाउँगाउँपालिका, बाँके**

**लुम्बिनी प्रदेश**

# मन्तव्य



नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना सहितको संघीय शासन प्रणाली अङ्गिकार गरी  राज्य शक्तिको प्रयोग तीनवटै तहले गर्ने व्यवस्था गरेको छ। संविधानमा तीनवटै तहका सरकारको अधिकार क्षेत्र निर्धारण गरी आ-आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट तर्जुमा, निर्णय गर्ने, नीति तथा योजना तर्जुमा र त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ। यस अर्थमा स्थानीय तह विधायिकी, न्यायिक र कार्यकारिणी अधिकारसहित नागरिकको घरदैलोको सरकारका रूपमा स्थापित भएका छन्। संविधान प्रदत्त यी सबै अधिकार र जिम्मेवारीहरू कुशलतापूर्वक कार्यान्वयन गरी नागरिकलाई छिटो छरितो, पारदर्शी, भरपर्दो र गुणात्मक सेवा प्रवाह गर्ने दायित्व स्थानीय तहको काँधमा रहेको छ।

स्थानीय तहको प्रभावकारी कार्यसम्पादन स्थानीय तहले तर्जुमा गर्ने नीति, कानुन तथा योजना प्रक्रिया लगायतका संस्थागत व्यवस्था; कार्यप्रणाली र विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरू तथा कर्मचारीहरुको क्षमता र कार्यशैलीमा निर्भर हुन्छ। यसका लागि स्थानीय तहले आफ्नो भूमिका प्रभावकारी, परिणाममुखी, पारदर्शी र जवाफदेही ढंगले बहन गर्न योजना प्रक्रिया, कार्यशैली र चिन्तन पद्धतिलाई परिवर्तित सन्दर्भ अनुरूप बनाउन अत्यावश्यक छ।

प्रस्तुत सन्दर्भमा यस खजुरा गाउँपालिकाले आफ्ना नागरिकहरुका लागि मितव्ययी र गुणात्मक रुपले सेवा प्रदान गर्न सहज होस् भन्ने अभिप्रायले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को प्राविधिक सहयोगमा त्रिवर्षीय क्षमता विकास योजना आर्थिक वर्ष २०८३/८४ देखि २०८५/८६ तयार गरिएको छ। यस योजनाको निर्माणले  गाउँपालिकाको समग्र प्रक्रियामा पारदर्शिता गतिशिलता र नयाँ आयाम स्थापित हुने विश्वास लिएको छु। साथै प्रभावकारी रूपमा सेवा प्रवाहका लागि गाउँपालिकाको संस्थागत प्रणाली तथा मानव संसाधन सहित आन्तरिक क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। योजनामा  समावेश भएका क्षमता विकास क्रियाकलापहरुलाई उच्च प्राथमिकताका साथ गाउँपालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेटमा समाबेश गरी कार्यान्वयन गरिनेछ। त्यसबाहेक यस क्षेत्रमा क्रियाशील संघसंस्था तथा विकास साझेदारहरुको सहयोग परिचालन गर्नमा पनि यस योजनाले मद्यत गर्ने अपेक्षा गरिएको छ।

अन्तमा, यस योजना निर्माण गर्न महत्वपुर्ण योगदान गर्ने र प्राविधिक सहयोग उपलब्ध गराउने स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तथा यस कार्यमा खटिने सम्पुर्ण विज्ञ समूह, त्यसैगरी यस गाउँपालिकाको सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुलाई समेत हार्दिक कृतज्ञता व्यक्त गर्दछु। सर्वाङ्गीण विकासको मूल आधार भनेको सक्षम जनशक्ति हो, तसर्थ यस योजनाले सक्षम मानव पुँजी निर्माणको बाटो फराकिलो बनाउने अपेक्षा लिएको छु।

...............

डम्बर  बहादुर बि.क.

(अध्यक्ष)



# मन्तव्य

नेपालको संविधानको मर्म, जनताको अपेक्षा र हामीले निर्वाचनको क्रममा घोषणपत्रमार्फत जनता समक्ष गरेका प्रतिवद्धता अनुसार हाम्रो सेवालाई सरल, सुलभ र पारदर्शी बनाउदै जनताको विकास प्रतिको असिमित चाहना र आवश्यकतालाई उपलब्ध सिमित श्रोत साधनबाट पूरागर्ने कार्य अवश्य पनि चुनौतिपूर्ण छ । यद्यपी उपलव्ध स्रोत साधनको सही रुपमा पहिचान र परिचालन गरी आवश्यकताको प्राथमिकिकरणका आधारमा स्रोतको उपयुक्त व्यवस्थापन गर्न सकिएमा हामीले हाम्रो प्रतिवद्धता पूरा गर्न सक्नेछौं । यसका लागि हामीले तर्जुमा गर्ने नीति, कानुन तथा योजना प्रक्रिया लगायतका संस्थागत व्यवस्था; कार्यप्रणाली र जननिर्वाचित प्रतिनिधिहरू तथा कर्मचारीहरुको क्षमता र कार्यशैलीलाई परिवर्तित सन्दर्भअनुरूप परिमार्जित र परिष्कृत गर्दै आफ्नो भूमिकालाई अझ बढी प्रभावकारी, परिणाममुखी, पारदर्शी र जवाफदेही बनाउन आवश्यक छ ।

यिनै चुनौतिहरुलाई अवसरको रुपमा रुपान्तरण गर्ने हाम्रो प्रतिवद्धता अनुरुप त्रिवर्षीय क्षमता विकास योजना आर्थिक वर्ष २०८३/८४ देखि २०८५/८६ तर्जुमा गरिएको छ । यस योजनाको कार्यान्वयनबाट खजुरा गाउँपालिकाको संस्थागत विकासका साथै निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासमार्फत सेवाप्रबाहमा थप प्रभावकारिता आई सेवाग्राही, साझेदार संघ संस्था, र नागरिक समाजसँगको हाम्रो सम्बन्ध अझ बढी सुदृढ बन्ने विश्वास लिएको छु । यस योजनाले हाम्रो क्षमता विकासको आवश्यकता र प्राथमिकताको पहिचान गर्ने मात्र नभई त्यसका लागि आवश्यक पर्ने स्रोत र जिम्मेवारी सहित स्रोत परिचालनका लागि संभावित सरोकारवाला समेत पहिचान गरेको हुँदा यसको कार्यान्वयन पक्षलाई सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । योजनामा पहिचान गरिएका क्रियाकलापहरुको कार्यान्वयनका लागि आगामी दिनमा यस स्थानीय तहले तर्जुमा गर्ने नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकतासाथ समावेश गरिने विश्वास लिएका छौं ।

अन्तमा, यो त्रिवर्षिय योजना तयार पार्न प्राविधिक सहयोग उपलब्ध गराउने स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सहित यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुगाउने र खटिने विज्ञ समूह, जनप्रतिनिधिहरु लगायत कर्मचारीहरु सवैलाई धन्यवाद दिँदै यस क्षमता विकास योजनाको प्रभावकारी कार्यान्वयनमा समेत सहयोगको अपेक्षा गर्दछु ।

...............

मञ्जु मल्ल

(उपाध्यक्ष)



## मन्तव्य

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले स्थानीय तहलाई विधायिकी, न्यायिक र कार्यकारिणी अधिकारकासाथ नागरिकको घरदैलोको सरकारका रूपमा स्थापित गरेको हुँदा संविधानप्रदत्त अधिकार र जिम्मेवारीहरुलाई कुशल रुपमा सम्पादन गरी नागरिकहरुलाई छिटो, छरितो मितव्ययी, पारदर्शी र गुणात्मक सेवा प्रवाह गर्ने स्थानीय तहको जिम्मेवारी र दायित्व पनि हो। यसका लागि स्थानीय तहले जनताको अपेक्षा अनुरुप सेवा प्रबाह गर्न आफूलाई संस्थागत रुपमा सबल र सक्षम बनाउन जरुरी छ। त्यसबाहेक स्थानीय तहले आफूलाई विकास प्रशासनका नवीनतम आयाम, प्रविधि र मान्यताअनुसार काम गर्न सक्ने संस्थाको रुपमा स्थापित गर्नु पर्ने हुन्छ। संविधानमा उल्लेख भएका अधिकारहरुको व्यवहारिक कार्यान्वयन र स्थानीय शासनलाई प्रभावकारी तुल्याउनका लागि आवश्यक पर्ने क्षमताको अन्तर पहिचान गरी यस्ता अन्तर एवम् कमजोरीलाई हटाई स्थानीय तहलाई सबल र सक्षम शासकीय इकाईको रुपमा स्थापित गर्न योजनावद्ध क्षमता विकास प्रयाशको आवश्यकता पर्छ।

मानवीय सीप र क्षमताको भरपुर उपयोग र विकास गर्दै कामलाई सृजनशील, छिटोछरितो, रचनात्मक र परिणाममुखी बनाएर मात्र सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमता दिगो हुन सक्छ। स्थानीय सरकारद्वारा प्रदान गरिनुपर्ने सेवा, सुविधा आम नागरिकका अपेक्षा र चाहनाअनुरूप हुन सकेमा मात्र स्थानीय सरकारप्रति जनविश्वास र लोकप्रियता बढ्दै जान्छ। क्षमता विकास योजनाले स्थानीय तहलाई आफ्ना सबल पक्षहरु तथा सुधारका क्षेत्रहरू पहिचान गर्दै संस्थागत क्षमता सुदृढीकरण र मानव संसाधन क्षमताको अभिवृद्धि गर्न समग्र दिशानिर्देश प्रदान गर्दछ।

प्रस्तुत सन्दर्भमा यस खजुरा गाउँपालिकाको प्रस्तुत त्रिवर्षीय क्षमता विकास योजना आर्थिक वर्ष २०८३/८४ देखि २०८५/८६ तर्जुमा गरिएको छ। यस योजनाले वदलिदो परिस्थिती र जन चाहनाअनुसार प्रभावकारी सेवा प्रबाहका लागि क्षमता विकासका हाम्रा प्राथमिकता सहित त्यसका लागि आवश्यक पर्ने स्रोत र जिम्मेवारीको समेत स्पष्ट खाका समेटेको छ। यसको क्रमवद्ध कार्यान्वयनले यस गाउँपालिकाको संगठनात्मक क्षमता र सेवा प्रवाहको गुणस्तरमा सुधार गरी समग्र संस्थागत सुशासन कायम गर्न महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ।

अन्तमा, यो क्षमता विकास योजना तयार पार्न प्राविधिक सहयोग उपलब्ध गराउने स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सहित यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न हुने सबै विज्ञ टोली र सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

...............

दिल बहादुर पौडेल

(प्रमुख प्रशासकीय अधिकृत)

| प्रकाशन तथा अभिलेख संस्करण | मिति | सहयोग गर्ने संस्था | अनुमोदन गर्ने निकाय |
|---|---|---|---|
| प्रथम | ०७९/८०-०८१/८२ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)- पहिलो फेज | खजुरा गाउँपालिका |
| दोश्रो | २०८३/८४–२०८५/८६<br>जेष्ठ २०८३ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) | खजुरा गाउँपालिका |

**अस्वीकरण**:

यो दस्तावेज विशेष प्रयोजनका लागि **खजुरा गाउँपालिका**द्वारा तयार पारिएको र आधिकारिक रूपमा अनुमोदन गरिएको हो। यो दस्तावेज सार्वजनिक पहुँचका लागि उपलब्ध गराइएको छ।

यस दस्तावेजलाई मूल उद्देश्यबाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्दा उत्पन्न हुने कुनै पनि परिणामहरूको जिम्मेवारी गाउँपालिकाको हुने छैन ।

यस दस्तावेजको सामग्रीमा आधारित कुनै पनि प्रकारका थप व्याख्या वा निर्णयहरूको जिम्मेवारी समेत गाउँपालिकाले ग्रहण गर्ने छैन।

# विषयसूची


खण्ड १: परिचय ........ ६

१.१ पृष्ठभूमि ........ ६

१.२ खजुरा गाउँपालिकाको संक्षिप्त परिचय ........ ७

१.३ क्षमता विकास योजनाको पृष्ठभूमि तथा मूलभूत आधारहरु ........ ८

१.४ क्षमता विकास योजनाको लक्ष्य........ ९

१.५ क्षमता विकास योजनाका उद्देश्यहरु ........ ९

१.६ क्षमता विकास योजनाको औचित्य र तर्जुमा पद्धति ........ ९

१.६.१ क्षमता विकास योजनाको औचित्य........ ९

१.६.२ क्षमता विकास योजना तर्जुमा पद्धति........ १०

१.७ क्षमता विकास योजनाका प्रमुख क्षेत्रहरु ........ ११

खण्ड २: गाउँपालिकाको संस्थागत क्षमता विश्लेषण ........ १२

२.१ संस्थागत क्षमता विश्लेषण ........ १२

२.२ मानव संशाधन क्षमता विश्लेषण........ १३

२.३ नीतिगत, कानुनी र सेवा प्रणालीको विश्लेषण ........ १३

२.४ क्षमता विश्लेषण/मूल्याङ्नका प्रमुख निष्कर्षहरु ........ १४

२.५ क्षेत्रगत रुपमा मुख्य निष्कर्षहरु ........ १५

२.६ क्षमता विकासका आगामी प्राथमिकताहरु ........ १६

खण्ड ३: क्षमता विकास योजना........ १७

३.१ क्षमता विकास योजना........ १७

३.२ गाउँपालिकाको क्षमता विकाससँग सम्बन्धित स्रोत र सरोकारवालाहरु ........ २७

खण्ड ४: क्षमता विकास योजना कार्यान्वयन रणनीति ........ २८

४.१ क्षमता विकास योजना कार्यान्वयन ........ २८

४.२ क्षमता विकास योजना अनुगमन तथा मूल्याङ्कन........ २८

४.२.१ नियमित अनुगमन ........ २८

४.२.२ क्षमता विकास योजनाको अद्यावधिकरण........ २९

खण्ड ५: अनुसूचीहरु ........ ३०

अनुसूची १: कार्यशाला उपस्थिती तथा सहभागीहरूको विवरण........ ३०

अनुसूची २: गाउँपालिकाको क्षमता विश्लेषण तथा प्रमाणीकरण कार्यशालामा प्रस्तुत गरिएका विषयवस्तुहरु ........ ३२

अनुसूची ३ : सूचक अनुसार LISA नतिजाको विस्तृत विवरण (आर्थिक वर्ष २०८०।८१) ........ ३८

अनुसूची ४: नेतृत्व तह क्षमता लेखाजोखा फाराम........ ४१

अनुसूची ५: मानव संशाधनको क्षमता लेखाजोखा फारम........ ४३

अनुसूची ६: मानव संशाधनको क्षमता लेखाजोखा फाराम ........ ५०

अनुसूची ७: ऐन, नियम, विधि र प्रणालीको स्थापनाको अवस्था ........ ५७

अनुसूची ८: क्षमता विकास योजनाको प्रस्तुतीकरण छलफल तथा प्रमाणीकरण कार्यशालाको उपस्थिती ........ ६४

# खण्ड १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारका साथै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारका अधिकारहरुलाई थप स्पष्ट पारेको छ। संविधानले स्थानीय तहहरूलाई विधायिकी, न्यायिक र कार्यकारिणी अधिकारकासाथ नागरिकको घरदैलोको सरकारका रूपमा स्थापित गरेको छ। यस अर्थमा संविधान प्रदत्त अधिकार र जिम्मेवारीहरू कुशलतापूर्वक कार्यान्वयन गरी नागरिकलाई छिटो छरितो, पारदर्शी, भरपर्दो र गुणात्मक सेवा प्रवाह गर्ने दायित्व स्थानीय तहको काँधमा रहेको छ।

स्थानीय तहहरू नागरिकको जीवनस्तर सुधारका साथै समृद्ध देशको लक्ष्य पूरा गर्न अनिवार्य र आधारभूत जिम्मेवार निकाय पनि हुन्। स्थानीय तहलाई प्रदत्त अधिकारहरुको प्रभावकारी कार्यान्वयनका लागि उनीहरुको संस्थागत र संगठनात्मक व्यवस्था, मानव संसाधन तथा भौतिक पूर्वाधार विकास लगायतका अवयवहरूको क्षमतामा सुधार गर्न जरुरी हुन्छ। स्थानीय तहको अधिकार र जिम्मेवारीहरू कुशलतापूर्वक सम्पन्न गर्ने विषय विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरू तथा कर्मचारीहरुको क्षमता र कार्यशैलीमा भर पर्छ। स्थानीय तहले आफ्नो भूमिका प्रभावकारी, परिणाममुखी, पारदर्शी र जवाफदेही ढंगले बहन गर्न योजना प्रक्रिया, कार्यशैली र चिन्तन पद्धतिलाई परिवर्तित सन्दर्भअनुरूप बनाउन अत्यावश्यक छ। त्यसबाहेक स्थानीय तहले कुशल नेतृत्वसहित संस्थागत रूपमा सबल, सक्षम, पूर्ण प्रजातान्त्रिक, जिम्मेवार र प्रभावकारी भई सेवा प्रवाह गर्न पनि उत्तिकै आवश्यक हुन्छ।

स्थानीय सरकारका सही कार्यविधि र तौरतरिकाले देशमा सुशासनको प्रत्याभूति गर्न सहयोग पुऱ्याउने भए पनि नेपालका अधिकांश स्थानीय तहहरूले शासन सञ्चालनमा बहुआयामिक चुनौतीहरूको सामना गरिरहेका छन्। तीमध्ये कर्मचारी तथा जनप्रतिनिधिहरूको कार्यक्षमताको कमी ठूलो समस्याका रूपमा देखिएको छ। यस्तो अवस्थामा स्थानीय तहले सामाजिक, आर्थिक, भौतिक पूर्वाधार तथा वातावरणीय दिगो विकास कार्यक्रमहरूलाई परिणाममुखी बनाउने कानुनी तथा नैतिक दायित्व पूरा गर्न सक्दैनन्।

मानवीय सीप र क्षमताको भरपुर उपयोग र विकास गर्दै कामलाई सृजनशील, छरितो, रचनात्मक र परिणाममुखी बनाएर मात्र सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमता दिगो हुन सक्छ। स्थानीय सरकारद्वारा प्रदान गरिनुपर्ने सेवा, सुविधा तथा वस्तु आम नागरिकका अपेक्षा र चाहनाअनुरूप हुन सकेमा मात्र जननिर्वाचित प्रतिनिधि र कर्मचारीतन्त्रप्रति विश्वसनीयता बढ्दै जान्छ। यो हुन नसक्दा राज्य र व्यवस्थाप्रति आम नागरिकहरूको निराशा बढ्न जान्छ।

जिम्मेवारी अनुसार कार्यक्षमतामा कमी हुँदा सेवा प्रवाह चुस्त–दुरुस्त नहुन सक्छ। नागरिकका आशा र अपेक्षाअनुरूप विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यतालाई आत्मसात गर्न नसक्दा स्थानीय सरकारहरू गतिशील र रचनात्मक बन्न सक्दैनन्। नागरिकका न्यूनतम आवश्यकताहरू पहिचान गर्न नसक्दा विकास कार्यक्रमहरूको प्राथमिकीकरणमा अन्योल उत्पन्न हुन्छ, जसले समृद्धिको दिशा र गन्तव्यप्रति अस्पष्टता ल्याउँछ। तसर्थ स्थानीय तहले संस्थागत क्षमता अभिवृद्धि गर्दै मानव संसाधन, विधि र कार्य प्रणालीमा सुधार गरी नागरिकप्रति पूर्ण रूपमा उत्तरदायी स्थानीय सरकारको प्रत्याभूति गराउन जरुरी छ। यसैमा संघीय पद्धतिको सफल कार्यान्वयन एवम् देश र जनताको भविष्य निर्भर रहेको छ।

सन् १९८० को दशकमा नोबेल पुरस्कार विजेता अमर्त्य सेनले भौतिक स्रोतको पर्याप्तताले मात्र विकासको बहुआयामिकता सुनिश्चित गर्दैन भन्ने मान्यता प्रस्तुत गरेका थिए। उनका अनुसार क्षमता विकास मानव विकासको चाबी हो र यो समग्र विकासका लागि महत्वपूर्ण छ। एउटा प्रसिद्ध भनाइ नै छ, जनतालाई माछा दिएर होइन, माछा मार्ने जाल र सीप दिएर उनीहरुको जीविकोपार्जन सुनिश्चित गर्न सकिन्छ।

स्थानीय सरकारको क्षमता विकासको अवधारणा केवल नेतृत्व र व्यवस्थापनसँग जोडिएको संस्थागत क्षमता विकास मात्र हो कि भन्ने द्विविधा पनि यदाकदा देखिने गरेको छ। तर संरचनागत विकाससँगै सेवाग्राही जनता, उपभोक्ता समितिहरू र विकास साझेदारहरूको समेत क्षमता विकासबाट मात्र समग्र विकास हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई आम रुपमा स्वीकार गरिएको छ। त्यसैले स्थानीय तहमा क्षमता विकासको अवधारणा वास्तवमा अमर्त्य सेनले भनेको मानव क्षमता विकाससँगै संरचना, संस्था, सेवाग्राही जनता र विकास साझेदारको समेत क्षमता विकास गर्ने पाँचबुँदे अवधारणा हो भन्न सकिन्छ।

प्रस्तुत सन्दर्भमा खजुरा गाउँपालिकाले आफ्ना नागरिकहरुका लागि मितव्ययी र गुणात्मक रुपले सेवा प्रदान गर्न सहज होस् भन्ने अभिप्रायले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पहिलो फेज) को प्राविधिक सहयोगमा आर्थिक वर्ष ०७९/८० देखि ०८१/८२ सम्म अवधिको क्षमता विकास योजना निर्माण गरेको थियो। यस योजनाको कार्यान्वयन अवस्थाको समीक्षा गरी समयसापेक्ष र अझ बढी कार्यान्वयनयोग्य योजना तर्जुमा गर्ने क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी "गाउँ/गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६" मा आधारित रही स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को प्राविधिक सहयोगमा आर्थिक वर्ष २०८३/८४ देखि २०८५/८६ सम्म अवधिको यो योजना तयार गरिएको छ।

## १.२ खजुरा गाउँपालिकाको संक्षिप्त परिचय

खजुरा गाउँपालिका बाँके जिल्ला अन्तर्गत लुम्बिनी प्रदेशको मध्य–पश्चिम क्षेत्रमा अवस्थित एक महत्वपूर्ण स्थानीय तह हो। वि. स. २०७३ फागुन २७ गते (१० मार्च २०१७) बागेश्वरी, सीतापुर, राधापुर, उढरापुर, सोनपुर तथा रनियापुर नामक साविकका छ वटा गाउँ विकास समितिहरूलाई एकीकरण गरी यसको स्थापना गरिएको हो। १०१.९१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो गाउँपालिका रणनीतिक रूपमा नेपालगञ्ज–गुलरिया राजमार्गसँग जोडिएको छ। यो प्रमुख सहर नेपालगञ्जबाट करिब ८ किलोमिटर पश्चिममा तथा भारतीय सीमासँग नजिक अवस्थित छ। प्रशासनिक रूपमा गाउँपालिका ८ वटा वडामा विभाजित छ र यसको केन्द्रीय कार्यालय बागमती नगरमा रहेको छ। भौगोलिक रूपमा यसको पूर्वमा कोहलपुर र जानकी, पश्चिममा बर्दिया जिल्ला, उत्तरमा बैजनाथ तथा दक्षिणमा भारत पर्दछन्।



खजुरा गाउँपालिकाको जनसांख्यिक स्वरूप विविधतापूर्ण र निरन्तर वृद्धि भइरहेको देखिन्छ। २०२१ को जनगणना अनुसार यहाँको जनसंख्या ६२,७८९ पुगेको थियो भने हाल अनुमानित जनसंख्या करिब ६४,९०९ रहेको छ। जनघनत्व प्रतिवर्ग किलोमिटर करिब ६१६ देखि ६३७ जनासम्म रहेको अनुमान गरिएको छ। यहाँ बहुजातीय तथा बहुधार्मिक समुदायको बसोबास रहेको छ, जसमा मुस्लिम (२६.७%), क्षेत्री (१५.६%), मगर (११.८%) तथा पहाडी ब्राह्मण प्रमुख जातीय समूहका रूपमा रहेका छन्। धार्मिक विविधता पनि उल्लेखनीय छ, जहाँ हिन्दू धर्मावलम्बी ६८.१ प्रतिशत, मुस्लिम २६.७ प्रतिशत तथा बाँकीमा बौद्ध र इसाई धर्मावलम्बीहरू रहेका छन्। शिक्षा क्षेत्र पनि तुलनात्मक रूपमा विकसित रहेको छ। गाउँपालिकामा ६८ वटा विद्यालयहरू रहेका छन्, जसमध्ये ३१ वटा सामुदायिक तथा २२ वटा संस्थागत विद्यालय रहेका छन्। यसले समग्र साक्षरता दर ७५.२७ प्रतिशत कायम गर्न सहयोग पुऱ्याएको छ।

आर्थिक दृष्टिकोणले खजुरा गाउँपालिका व्यापार तथा कृषिको समृद्ध केन्द्रका रूपमा विकसित हुँदै गएको छ। यहाँको करिब ८८ प्रतिशत भूमि खेतीयोग्य रहेको छ, जसले कृषिलाई मुख्य पेशाका रूपमा स्थापित गरेको छ। कृषि क्षेत्रलाई नेपाल कृषि अनुसन्धान परिषद् (Nepal Agricultural Research Council) तथा कृषि संकाय अन्तर्गतको प्राकृतिक स्रोत व्यवस्थापन महाविद्यालयजस्ता क्षेत्रीय अनुसन्धान संस्थाहरूले सहयोग प्रदान गरेका छन्।

## १.३ क्षमता विकास योजनाको पृष्ठभूमि तथा मूलभूत आधारहरु

नेपालको संविधानको मर्म तथा संघीयताको सिद्धान्तअनुसार, स्थानीय सरकारहरु नागरिकप्रति उत्तरदायी, पारदर्शी, परिणाममुखी र प्रभावकारी ढङ्गले सञ्चालन हुने अपेक्षा गरिएको छ।

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शासन व्यवस्थाका स्थानीय सन्दर्भ अनुसारको मागमा आधारित योजना तर्जुमा प्रक्रिया, निर्णय–प्रक्रिया तथा कार्यगत अभ्यासहरू स्वतन्त्र रुपमा संचालन गर्नका लागि प्रेरित गर्दछ। यी अधिकारहरूलाई सार्थक रूपमा प्रयोग गर्न स्थानीय तहले संस्थागत तथा संगठनात्मक व्यवस्थाहरू सुदृढ गर्नुपर्छ र मानव संसाधन क्षमतामा अभिवृद्धि गर्न आवश्यक हुन्छ। साथै स्थानीय तहले योजना तर्जुमा तथा बजेट निमार्णका अभ्यासलाई समेत समग्र रूपमा सुदृढ गर्नुपर्छ, जसले गर्दा सेवाप्रवाह प्रभावकारी र परिणाममुखी बन्न सम्भव हुन जान्छ।

स्थानीय तहको दिगोपना स्थानीय तहमा रहेका पदाधिकारी र कर्मचारीहरुको क्षमता र सो क्षमताको उपयोगमा निर्भर रहन्छ। साथै स्थानीय तहले अवलम्बन गरेका प्रणालीहरु र उत्तरदायी प्रकारको अभ्यासहरुमा निर्भर रहन्छ। यस प्रकारको अभ्यासहरुले स्थानीय तहले प्रवाह गर्ने सेवालाई नागरिकमैत्री बनाउन सहयोग पुग्छ र नागरिकका अपेक्षाहरुसँग मेल खाने बनाउँदछ। यस्ता विषयहरु स्थानीय तहको क्षमता विकास योजनामा समेटिएका हुन्छन्।

त्यसैले, क्षमता विकासका यिनै क्षेत्रहरूलाई सुदृढ गरी गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुलाई थप प्रभावकारी र गुणस्तरीय बनाउने सन्दर्भमा प्रस्तुत क्षमता विकास योजना तर्जुमा गरिएको हो। यस योजना तर्जुमा गर्दा नेपालको संविधान लगायतका विविध ऐन, नियम र निर्देशिकाहरुलाई आधार मानिएको छ। ती आधारहरु विस्तृत रुपमा तल प्रस्तुत गरिएको छः

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- गाउँ/गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी)
- खजुरा गाउँपालिकाको क्षमता विकास योजना (०७९/८०-०८१/८२)

- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा कार्यसञ्चालन) कार्यविधि,२०८२ (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी)
- स्थानीय तह संस्थागत क्षमता स्व–मूल्याङ्कन कार्यविधि, २०७७ (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी)
- संघीय तथा प्रादेशिक निजामती सेवा सम्बन्धी ऐन तथा नियमावलीहरू
- संघीय, प्रादेशिक तथा गाउँपालिकाको आवधिक योजनाहरू
- दिगो विकास लक्ष्यहरू (SDGs)
- संघीय तथा प्रादेशिक तहबाट समय–समयमा प्राप्त निर्देशनहरू
- DT Global/LISP TA द्वारा तयार गरिएको क्षमता विकास मूल्याङ्कन प्रमाणीकरण कार्यशाला प्रतिवेदन (डिसेम्बर २०२५)

## १.४ क्षमता विकास योजनाको लक्ष्य

खजुरा गाउँपालिकाको संस्थागत तथा मानव संसाधन क्षमता अभिवृद्धिमार्फत सुशासन, विकास व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउने यस क्षमता विकास योजनाको लक्ष्य रहेको छ ।

## १.५ क्षमता विकास योजनाका उद्देश्यहरु

क्षमता विकास योजनाका मुख्य उद्देश्यहरू यसप्रकार छन्:

१) सहज र प्रभावकारी रूपमा सेवा प्रवाह गर्न गाउँपालिकाको संस्थागत प्रणाली तथा मानव संसाधन सहित आन्तरिक क्षमतामा अभिवृद्धि गर्ने ।

२) क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक स्रोतसाधनहरुको पहिचान र एकीकृत गरी त्यसको प्रभावकारी परिचालनका लागि सरोकारवालाहरूलाई मार्गदर्शन प्रदान गर्ने ।

३) महिला तथा पछाडि पारिएका समुदायहरुको स्थानीय विकास प्रक्रियामा पहुँच बढाउन सहयोग गर्नुको साथै उनीहरूको सेवा तथा सुविधाहरुमा पहुँच सुनिश्चित गर्ने ।

## १.६ क्षमता विकास योजनाको औचित्य र तर्जुमा पद्धति

### १.६.१ क्षमता विकास योजनाको औचित्य

संविधानप्रदत्त अधिकार र जिम्मेवारीहरुलाई कुशल रुपमा सम्पादन गरी नागरिकहरुलाई छिटो, छरितो मितव्ययी, पारदर्शी र गुणात्मक सेवा प्रवाह गर्ने जिम्मेवारी र दायित्व घरदैलोको सरकारको रुपमा रहेको स्थानीय तहको कार्यक्षेत्रमा रहेको हुन्छ । यसले गर्दा पनि स्थानीय तहले स्थानीय जनताको अपेक्षा अनुरुप सेवा प्रबाह गर्न आफूलाई संस्थागत रुपमा सबल र सक्षम बनाउन सक्नु पर्दछ ।

विकास प्रशासनका विभिन्न नवीनतम आयाम प्रविधि र मान्यताअनुसार काम गर्न सक्ने गरी स्थानीय तहको संस्थागत क्षमता विकास गर्न पनि क्षमता विकास योजनाको आवश्यकता पर्छ । संविधानमा उल्लेख भएका अधिकारका सूचीहरुको व्यवहारिक कार्यान्वयन, स्थानीय तहको शासन संचालन क्षमता र स्थानीय शासनलाई प्रभावकारी तुल्याउनका लागि आवश्यक पर्ने क्षमताको अन्तर पहिचान गरी यस्ता अन्तर एवम् कमजोरीलाई हटाई स्थानीय तहलाई सबल र सक्षम शासकीय इकाईको रुपमा स्थापित गर्न योजनावद्ध क्षमता विकास प्रयाशको आवश्यकता पर्छ । संविधान तथा कानूनले तोकेको भूमिका र जिम्मेवारी अनुरुप कार्य सम्पादन गर्दा समग्र राष्ट्रिय

योजना र विश्वव्यापि साझा लक्ष्यको रुपमा रहेका दिगो विकासका लक्ष्य तथा स्थानीय स्तरमा आवश्यकताहरु परिपूर्ति गर्ने गरी योजनावद्ध रुपमा कार्य सम्पादन गर्न पनि योजनावद्ध क्षमता विकासको आवश्यकता हुन्छ।

क्षमता विकास योजनाले गाउँपालिकालाई आफ्ना सबल पक्षहरु तथा सुधारका क्षेत्रहरू पहिचान गर्न, संस्थागत क्षमता सुदृढीकरण र मानव संसाधन क्षमताको अभिवृद्धि गर्न समग्र दिशा तथा रणनीति प्रदान गर्दछ। विशेषतः क्षमता विकास योजनाको प्रभावकारी कार्यान्वयनले संगठनात्मक तथा वित्तीय व्यवस्थापन प्रणाली सुदृढ गर्ने, सेवा प्रवाह प्रणाली सुधार गर्ने, र पूर्वाधार योजनामा स्पष्ट र क्रमबद्ध रूपमा सुधार गर्ने अपेक्षा गरिएको छ। त्यसैगरी यस योजनाले गाउँपालिकालाई उपलब्ध स्रोतको प्रभावकारी प्रयोगमा मार्गदर्शन गर्नुका साथै संस्थागत तथा कार्यगत दक्षता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहको गुणस्तर सुधार गर्न सहयोग पुऱ्याउने छ। साथै यस योजनाले स्थानीय तहमा समावेशी तथा उत्तरदायी शासनलाई प्रवर्द्धन गर्ने, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, नागरिक सहभागिता, तथा नीतिगत प्रावधानहरूको कार्यान्वयनलाई प्राथमिकता दिन मार्गदर्शन गर्ने समेत अपेक्षा गरिएको छ।

खजुरा गाउँपालिकाले आ.व. ०७९/८०-०८१/८२ अवधिका लागि तयार गरेको पहिलो क्षमता विकास योजना (CD Plan) खासगरी आर्थिक स्रोतको अभाव तथा मानव संसाधनको कमीका कारण पूर्ण रूपमा कार्यान्वयन हुन सकेको थिएन। उक्त योजनाको समीक्षा गर्दै क्षमता विकाससम्बन्धी सान्दर्भिक क्रियाकलापहरू समावेश गरी यस दोस्रो क्षमता विकास योजनालाई स्थानीय सन्दर्भ अनुकूल, व्यवहारिक तथा कार्यान्वयनमुखी बनाउन प्रयास गरिएको छ।

### १.६.२ क्षमता विकास योजना तर्जुमा पद्धति

खजुरा गाउँपालिकाको पहिलो तीन वर्षे क्षमता विकास योजना आर्थिक वर्ष २०७८/७९ मा लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठान (LPTA/PLGSP) को सहयोगमा तयार गरिएको थियो। LISP-TA ले गाउँपालिकालाई प्रथम क्षमता विकास योजनाको पुनरावलोकन गरी दोश्रो क्षमता विकास योजना तयार गर्न प्राविधिक सहयोग गरेको थियो। यस क्रममा आर्थिक वर्ष २०८१/८२ को फागुन–चैतमा गाउँपालिकाको संस्थागत क्षमता विश्लेषण गरिएको थियो भने त्यस छलफलबाट प्राप्त निष्कर्षहरूको प्रमाणीकरण गर्नका लागि मङ्सिर २०८२ (नोभेम्बर २०२५) मा प्रमाणीकरण कार्यशालाको आयोजना गरिएको थियो। त्यसैगरी मानव संशाधन तथा नीतिगत, कानुनी र सेवाप्रणालीसँग सम्बन्धित क्षमता विश्लेषणका लागि स्थानीय तह संस्थागत क्षमता विकास योजना तर्जुमा दिग्दर्शनमा उल्लिखित ढाँचाहरुको प्रयोग गरिएको छ। क्षमता विकास योजनाको परिमार्जनको क्रममा प्रयोग गरिएका प्रमुख विधि तथा प्रक्रियाबारे संक्षेपमा तल उल्लेख गरिएको छ।

**संस्थागत क्षमता विश्लेषण:** यो क्षमता विकास (CD) योजना तर्जुमा गर्ने क्रममा गाउँपालिकाको संस्थागत क्षमता विश्लेषणका लागि स्थानीय सरकार संस्थागत क्षमता स्व–मूल्याङ्कन (LISA) ढाँचाको उपयोग गरी गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्यांकन नतिजाहरुको आधारमा सबल पक्ष तथा सुधार गर्नुपर्ने क्षेत्रहरु र चुनौतीहरुको पहिचान गरिएको छ। त्यसैगरी संस्थागत क्षमता विकास योजना तर्जुमा गर्दा स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) ढाँचाको प्रयोग गरी पहिचान गरिएका क्रियाकलापहरु समावेश गरिएको छ।

**क्षमता विश्लेक्षणका निष्कर्षहरूको प्रमाणीकरण:** क्षमता विश्लेषण तथा प्रमाणीकरण गर्ने क्रममा यस प्रक्रियालाई प्रभावकारी बनाउने, क्षमता विकासका क्रियाकलापलाई क्षमता विश्लेषणबाट प्राप्त नतिजाहरुमा आधारित बनाउने र यो प्रक्रियामा सबै पक्षहरुको सक्रिय सहभागिता रहने विषयलाई सुनिश्चित गर्ने प्रयत्न गरिएको छ। यसका लागि संस्थागत क्षमता विश्लेषणबाट प्राप्त नतिजाहरुलाई गाउँपालिकाका पदाधिकारी, शाखा प्रमुखहरु र अन्य कर्मचारीहरुको उपस्थितीमा प्रमाणीकरण कार्यशालाको आयोजना गरी समीक्षा तथा पुनरावलोकन गरिएको थियो। यस प्रक्रियामा संस्थागत क्षमता विश्लेषणका नतिजाहरुमा थप छलफल गरी प्रमाणिकरण गर्नुका साथै योजनाहरूको उपलब्धता, न्यायिक समितिका अभिलेखहरू, खरिद प्रक्रियाका अभ्यासहरू, घुम्ति सेवाहरू, तथा गुनासो

व्यवस्थापन जस्ता अतिरिक्त प्रमाण तथा जानकारीहरु प्रस्तुत गरिएको थियो जसले गर्दा क्षमता विकास योजनालाई थप प्रभावकारी र सुदृढ बनाउन सहयोग पुगेको छ। यस प्रक्रियाले छलफलमा आएका निष्कर्षहरूको विश्वसनीयता बढाउन, कमजोरी तथा सुधारका प्रमुख क्षेत्रहरू यथार्थपरक बनाउन, र सहमतीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि गाउँपालिकाको स्वामित्व ग्रहण गर्न सहयोग पुर्‍याएको छ । क्षमता विश्लेषणका नतिजाहरूको प्रमाणीकरण कार्यशालाका सहभागीहरूको विवरण अनुसूची १ मा समावेश गरिएको छ।

**मानव संशाधन क्षमता विश्लेषण:** मानव संशाधनको क्षमता विश्लेषण गर्ने कार्य पहिलो क्षमता विकास योजना तयार गर्ने क्रममा सम्पन्न गरिएको र यसमा उल्लिखित अधिकांश क्रियाकलापहरू स्थानीय परिवेशअनुसार अझै पनि सान्दर्भिक नै रहेका छन्। त्यसैले, मानव संसाधन विकास योजना खण्ड अन्तर्गत प्रस्तावित क्षमता विकासका क्रियाकलापहरू मुख्यतया प्रथम क्षमता विकास योजना (आ.व. ०७९/८०-०८१/८२) मा आधारित छन् । यद्यपि, मानव संशाधन तथा नीतिगत, कानुनी र सेवाप्रणालीसँग क्षमता विश्लेषणका लागि LISP को प्रदेश कार्यालय अन्तरगत कार्यरत सुशासन तथा लैससास अधिकृत लगायतका फिल्ड कर्मचारीहरु मार्फत क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शनमा उल्लिखित अनुसूचीको प्रयोग गरी विवरणहरु अध्यावधिक गर्ने प्रयत्न गरिएको छ।

**सामूहिक समीक्षा र सहमति निर्माण:** संस्थागत र मानव संशाधन क्षमता विश्लेषण समेतका आधारमा प्रस्तावित क्षमता विकासका क्रियाकलापहरूलाई LISP टिम र गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरू कर्मचारीहरुको उपस्थितिमा २०८३ जेठमा गाउँपालिकामा आयोजित प्रमाणीकरण कार्यशालाबाट प्राप्त भएका सुझावहरु समेतका आधारमा यस क्षमता विकास योजनालाई अन्तिम रूप दिइएको छ।

**दस्तावेजीकरण :** क्षमता विश्लेषण र नतिजा प्रमाणीकरण कार्यशाला बैठकमा प्रस्तुत गरिएका विषयवस्तु तथा फोटोहरु यस योजनाको प्रमाणीकरण प्रक्रियाको प्रमाणका रूपमा दस्तावेज गरिएको र यस योजनाको अनुसूची २ मा समावेश गरिएको छ।

**क्षमता विकास योजनाको अनुमोदन:** तीन वर्षको अवधिका (आ.व. २०८३/८४–२०८५/८६) लागि तयार गरिएको यो दोश्रो क्षमता विकास योजना गाउँ कार्यपालिका बैठकमा प्रस्तुत गरी अनुमोदन गरिएको छ।

## १.७ क्षमता विकास योजनाका प्रमुख क्षेत्रहरु

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आ.व. २०८२/८३ मा विद्यमान LISA ढाँचालाई संसोधन गरी स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) लागू गरिसकेको छ। त्यसैले, यस क्षमता विकास योजनाले LGPAS मा उल्लिखित प्रमुख पाँचवटा क्षेत्रहरुलाई समेटेको छ। यसले गाउँपालिकाको बदलिँदो आवश्यकतालाई प्रतिबिम्बित गर्ने मात्र होइन की राष्ट्रिय ढाँचा तथा गाउँपालिकाको आवधिक योजनासँग पनि मेल खाने तथा एकिकृत गर्ने मार्गचित्र प्रदान गरेको छ। यस क्षमता विकास योजनाले समग्रमा गाउँपालिकाको संस्थागत क्षमता विकास तथा मानव संसाधन क्षमता विकास र गाउँपालिकाको सेवाप्रवाहलाई थप सुदृढ बनाउन सहयोग पुर्‍याउनेछ। योजनामा निम्न पाँचवटा क्षमता तथा सेवा क्षेत्रहरू समेटिएका छन्।

**क. सुशासन तथा संस्थागत विकास:** योजना तथा बजेट, प्रशासनिक व्यवस्थापन, पारदर्शिता र उत्तरदायित्व, शासकीय प्रबन्ध, सेवाप्रवाह, सार्वजनिक वित्तीय व्यवस्थापन, र समन्वय तथा सहकार्य।

**ख. सामाजिक विकास:** खानेपानी तथा सरसफाई, शिक्षा, आधारभूत स्वास्थ्य, सामाजिक समावेशीकरण र संरक्षण, विवाद निरुपण तथा मेलमिलाप।

**ग. आर्थिक विकास:** कृषि, पशु तथा सहकारी; भूमी तथा सिंचाइ; स्थानीय आर्थिक विकास; उद्यमशीलता र रोजगारी।

घ. पूर्वाधार विकास: स्थानीय सडक, भवन तथा अन्य सामाजिक पूर्वाधार, पूर्वाधार उपयोगिता र दिगोपना।

**ङ. वन, वातावरण तथा विपद् व्यवस्थापन:** वातावरण संरक्षण, विपद् व्यवस्थापन।

# खण्ड २: गाउँपालिकाको संस्थागत क्षमता विश्लेषण

## २.१ संस्थागत क्षमता विश्लेषण

यो क्षमता विकास (CD) योजना गाउँपालिकाको संस्थागत सुदृढीकरणका लागि सेवा प्रवाहका विभिन्न क्षेत्रहरु समेटेर गरिएको क्षमता आकलनबाट प्राप्त तथ्यहरुका आधारमा तयार गरिएको हो। यस क्रममा गाउँपालिकाको संस्थागत क्षमता आकलनका लागि स्थानीय संस्थागत क्षमता स्व–मूल्याङ्कन (LISA) प्रणालीको प्रयोग गरिएको छ। यसका लागि आ.व. २०८०/८१ को संस्थागत क्षमता स्वमूल्यांकन नतिजालाई आधार मानी गाउँपालिकाको संस्थागत क्षमताका सबल पक्ष तथा सुधार गर्नुपर्ने क्षेत्रहरु र चुनौतीहरुको पहिचान गरिएको छ। तत्पश्चात गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुको सहभागितामा क्षमता विश्लेषणका नतिजाहरुमा थप छलफल गरी प्रमाणिकरण गर्ने कार्य समेत गरिएको थियो। स्वमूल्याङ्कन नतिजाको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ भने विस्तृत विवरण यस योजनाको अनुसूची ३ मा समावेश गरिएको छ।

| मूल्याङ्कन क्षेत्रहरू | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति | प्रतिशतमा अंक |
|---|---|---|---|---|
| शासन व्यवस्थापन | ३ | ४ | २ | १०० |
| संगठन तथा प्रशासन | २ | ३ | ३ | १०० |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | २ | ३ | ३.५ | ७७.२७ |
| वित्तीय तथा आर्थिक व्यवस्थापन | १ | ४ | ४.५ | ८६.३६ |
| सेवा वितरण | ३ | ४ | ८.५ | ९६.८८ |
| न्यायिक प्रदर्शन | १ | ३ | ३ | १०० |
| भौतिक पूर्वाधार | २.७५ | ३ | ५ | ८२.६९ |
| सामाजिक समावेशीकरण | २ | ४ | ४ | १०० |
| वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | १ | १.५ | ४.५ | ७७.७८ |
| सहकार्य तथा समन्वय | २ | १ | ३ | १०० |
| **कुल अंक** | **९४.०५%** | **८९.७१%** | **९१.११%** | **९१.२५%** |



## २.२ मानव संशाधन क्षमता विश्लेषण

खजुरा गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विश्लेषण गर्ने कार्य प्रथम क्षमता विकास योजना तर्जुमा गर्ने क्रममा विस्तृत रुपमा गरिएको र सोही आधारमा पहिचान भएका क्षमता विकास आवश्यकताका आधारमा मानव संशाधन क्षमता विकासका क्रियाकलाप पहिचान गरिएको थियो। तीमध्ये कतिपय क्रियाकलापहरु अहिले पनि सान्दर्भिक देखिएकोले यस योजना तर्जुमा गर्ने क्रममा पनि उपयोग गरिएको छ भने क्षमता विश्लेषण सम्बन्धी विवरणहरुलाई LISP को प्रदेश कार्यालय अन्तरगत कार्यरत सुशासन तथा लैससास अधिकृत लगायतका फिल्ड कर्मचारीहरु मार्फत अध्यावधिक समेत गरिएको छ। यस क्रममा नेतृत्व तहको क्षमता विश्लेषणका लागि उपयोग गरिएको ढाँचा अनुसूची ४ मा र कर्मचारीहरुको क्षमता विश्लेषणका लागि उपयोग गरिएको ढाँचा अनुसूची ५ मा संलग्न गरिएको छ। त्यसबाहेक मानव संशाधनको विषय क्षेत्रगत क्षमता विश्लेषणको ढाँचा अनुसूची ६ मा संलग्न गरिएको छ।

गाउँपालिकामा ८६ जना स्वीकृत कर्मचारी दरबन्दी भएकोमा १८४ जना कर्मचारी कार्यरत रहेको र १० पद रिक्त रहेको छ। कार्यरत कर्मचारीमध्ये ७६  स्थायी र ९८ करारमा रहेका छन्। सबै कर्मचारीहरुलाई व्यक्तिगत कार्यविवरण (ToR) उपलब्ध गराइएको भएपनि त्यसको प्रभावकारी कार्यान्वयन भने हुन सकेको छैन। साथै कर्मचारीहरुको प्रोत्साहन र उत्प्रेरणाका क्रियाकलापहरुमा पनि कमी देखिएको छ। कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन वार्षिक रुपमा गर्ने गरिएको भए पनि दण्ड र पुरस्कारमा त्यसको उपयोग कमै हुने गरेको छ।

गाउँपालिकाका निर्वाचित प्रतिनिधि तथा कर्मचारीहरूका लागि क्षमता विकास सम्बन्धि तालिमहरु प्रदेश सुशासन केन्द्र (PCGG) सँग समन्वय गरी सञ्चालन गर्ने गरिएको छ। नयाँ नियुक्त कर्मचारीहरुको लागि सेवा प्रवेश तालिम उपलब्ध गराउन भने आवश्यक रहेको छ। प्रशासन शाखाले नयाँ कर्मचारीहरुको व्यक्तिगत विवरण (PIS) तथा कार्यसम्पादन मूल्यांकन लगायतका व्यक्तिगत अभिलेखहरु व्यवस्थापन गर्ने गरेको छ। त्यसैगरी गाउँपालिकामा नयाँ कर्मचारी नियुक्त हुदाँ र सरुवा भइ अन्यत्र जाँदा वा  सेवा निवृत्त भइ जाँदा सम्बन्धित कर्मचारीहरुको जिम्मामा रहेको जिन्सी सामानहरु हस्तान्तरण र प्राप्ति सम्बन्धी अभिलेख समेत व्यवस्थापन गर्ने गरिएको छ।

## २.३ नीतिगत, कानुनी र सेवा प्रणालीको विश्लेषण

खजुरा गाउँपालिकाले कार्यसम्पादनका लागि आवश्यकमध्ये हालसम्म ९५ भन्दा बढी कानुनहरु तर्जुमा गरेको छ। गाउँपालिकाको कानून सम्बन्धी विस्तृत विवरण अनुसूची ७ मा समावेश गरिएको छ।

खजुरा गाउँपालिकाका नीति, कानून, कार्यविधि तथा मापदण्डहरूको समग्र विश्लेषण गर्दा सार्वजनिक सेवा प्रवाहसँग प्रत्यक्ष सम्बन्ध देखिन्छ। सुरक्षा र प्रशासनिक व्यवस्था अन्तर्गत नगर प्रहरी ऐन, सहकारी नियामवली, कर तथा राजस्व व्यवस्थापन कार्यविधि, करार जनशक्ति व्यवस्थापन कार्यविधि जस्ता कानुनहरूले स्थानीय स्तरमा प्रशासनिक कार्यलाई व्यवस्थित बनाएका छन्। यस्ता कानुनहरूले सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र कानुनी आधारमा सञ्चालन गर्न सहयोग पुऱ्याएका छन्। तर, विज्ञापन कर सम्बन्धी कानुन अझै तर्जुमा हुन बाँकी भएकाले राजस्व व्यवस्थापनमा पूर्णता आउन सकेको छैन। शिक्षा र स्वास्थ्य क्षेत्रमा शिक्षा नीति, शिक्षा नियमावली, आवधिक शिक्षा योजना, स्वास्थ्य तथा सरसफाइ ऐन, खानेपानी तथा सरसफाइ व्यवस्थापन कार्यविधि जस्ता कानुनहरूले आधारभूत सेवाहरूलाई संस्थागत बनाएका छन्। यी कानुनहरूले विद्यालयमा समावेशी शिक्षा, स्वास्थ्य सेवा विस्तार, खानेपानी तथा सरसफाइमा सुधार ल्याएका छन्। तर, दीर्घकालीन रणनीतिक योजना र गुणस्तरीय अनुगमन प्रणाली अझै सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

पूर्वाधार तथा वातावरणीय व्यवस्थापनमा भवन निर्माण मापदण्ड, सडक तथा सिँचाइ कार्यविधि, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, विपद् व्यवस्थापन ऐन जस्ता कानुनहरूले आधारभूत संरचना विकासलाई कानुनी आधार दिएका छन्। विपद्

व्यवस्थापन सम्बन्धी कार्यविधिहरू (जस्तै विपद् जोखिम न्यूनीकरण ऐन, आपतकालीन कार्य सञ्चालन केन्द्र कार्यविधि) ले विपद् प्रतिकार्यलाई संस्थागत बनाएको छ। तर, प्राकृतिक स्रोत संरक्षण कार्यविधि अझै तर्जुमा हुन बाँकी भएकाले वातावरणीय स्थायित्वमा चुनौती देखिन्छ। सामाजिक सुरक्षा तथा समावेशीकरणमा बाल संरक्षण नीति, बाल गृह सञ्चालन कार्यविधि, जेष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना जस्ता कानुनहरूले सामाजिक सुरक्षा र समावेशी सेवामा योगदान पुऱ्याएका छन्। यी कानुनहरूले विपन्न, महिला, बालबालिका तथा अशक्त नागरिकलाई लक्षित सेवाहरू उपलब्ध गराएका छन्। तर, बालमैत्री स्थानीय शासन सञ्चालन कार्यविधि अझै तर्जुमा हुन बाँकी भएकाले बालमैत्री शासन अभ्यासमा कमजोरी देखिन्छ।

आर्थिक व्यवस्थापनमा आर्थिक ऐन, विनियोजन ऐन, सार्वजनिक खरिद नियमावली, लेखा समिति गठन कार्यविधि जस्ता कानुनहरूले वित्तीय पारदर्शिता र उत्तरदायित्वलाई मजबुत बनाएका छन्। आन्तरिक लेखापरीक्षण निर्देशिका तथा बेरुजु फछ्र्यौट कार्यविधिले वित्तीय शुद्धता कायम गर्न सहयोग पुऱ्याएका छन्। तर, स्थानीय वित्तीय नियमावली अझै पूर्ण रूपमा स्थानीय सन्दर्भसँग मेल खाने गरी विकास गर्नुपर्ने आवश्यकता छ।

समग्रमा, खजुरा गाउँपालिकाले शिक्षा, स्वास्थ्य, पूर्वाधार, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा तथा आर्थिक प्रशासनका क्षेत्रमा उल्लेखनीय कानुनी आधार तयार गरेको छ। यी कानुनहरूले सार्वजनिक सेवा प्रवाहलाई संस्थागत, पारदर्शी र उत्तरदायी बनाएका छन्। तर, अझै तर्जुमा हुन बाँकी कानुनहरू (जस्तै विज्ञापन कर, प्राकृतिक स्रोत संरक्षण, बालमैत्री शासन) तथा दीर्घकालीन रणनीतिक योजना अभावका कारण सेवा प्रवाहमा पूर्णता आउन सकेको छैन। त्यसैले, आगामी दिनमा कानुनी संरचनाहरूलाई पूर्णता दिने, रणनीतिक योजना निर्माण गर्ने तथा कार्यान्वयन संयन्त्रलाई सुदृढ गर्ने प्रयास आवश्यक छ।

## २.४ क्षमता विश्लेषण/मूल्याङ्नका प्रमुख निष्कर्षहरु

खजुरा गाउँपालिकाको समग्र मूल्याङ्कन गर्दा पारदर्शिता, समावेशिता तथा व्यवस्थित प्रशासनिक प्रक्रियाप्रति प्रतिबद्ध शासन संरचना रहेको देखिन्छ। गाउँपालिकामा नियमित रूपमा गाउँसभा तथा कार्यपालिका बैठक सञ्चालन हुने, सार्वजनिक सुनुवाइ आयोजना गरिने तथा स्थानीय कानुनहरू गाउँपालिकाको वेबसाइटमार्फत सार्वजनिक गरिने अभ्यासले कार्यशील र उत्तरदायी शासन वातावरणको संकेत गर्दछ। प्रगति प्रतिवेदन, वित्तीय विवरण तथा निर्णयहरू सार्वजनिक रूपमा उपलब्ध गराउने व्यवस्था रहेको छ। साथै, वित्तीय प्रशासन तथा सेवा व्यवस्थापनमा सुत्र (SuTRA), शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS), स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) तथा विद्युतीय सरकारी खरिद प्रणाली (e-GP) जस्ता डिजिटल प्रणालीहरूको प्रयोगले प्रशासनिक दक्षता तथा पारदर्शिता बढाउन योगदान पुऱ्याएको देखिन्छ। त्यसैगरी, गाउँपालिकाले विभिन्न समिति तथा संरचनाहरूमा समावेशी प्रतिनिधित्वलाई प्राथमिकता दिएको छ र योजना तथा बजेट निर्माण प्रक्रियामा समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने प्रयास गरेको छ। सडक, खानेपानी तथा सरसफाइ (WASH) सम्बन्धी गुरुयोजना निर्माण तथा भवन निर्माण मापदण्डहरूको पालना गर्न खोजिनुले पूर्वाधार विकासलाई व्यवस्थित बनाउने प्रयत्न स्पष्ट हुन्छ। वातावरणीय मापदण्डहरूको अवलम्बन तथा जोखिम क्षेत्र नक्साङ्कन (Hazard Mapping) जस्ता कार्यले विपद् जोखिम न्यूनीकरणतर्फ आधारभूत प्रयासहरू भएको देखाउँछ।

यद्यपि, यी सकारात्मक पक्षहरूको बाबजुद पनि प्रभावकारी सेवा प्रवाह, वित्तीय व्यवस्थापन तथा दीर्घकालीन विकास योजनाको कार्यान्वयनमा केही महत्वपूर्ण कमजोरीहरू विद्यमान छन्। धेरै स्थानीय कानुन तथा जवाफदेहिता प्रवर्द्धन गर्ने संयन्त्रहरू—जस्तै सामाजिक परीक्षण, गुनासो व्यवस्थापन प्रणाली तथा नागरिक सुझाव/प्रतिपुष्टि प्रणाली—नियमित रूपमा कार्यान्वयन नभएको वा स्थानीय जनप्रतिनिधिहरूबीच पर्याप्त रूपमा बुझाइ विकास नभएको देखिन्छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) स्वीकृति र कार्यान्वयनमा ढिलाइ हुँदा आवश्यक मानव स्रोत व्यवस्थापनमा समस्या देखिएको छ।

मध्यमकालीन खर्च संरचना (MTEF) तथा आयोजना प्राथमिकताका आधारहरू पूर्ण रूपमा दस्तावेजीकरण नभएकाले वार्षिक बजेट र योजनाबीच आवश्यक समन्वय तथा सुसंगतता कायम हुन सकेको छैन। पूर्वाधार विकासका क्षेत्रमा वातावरणीय मापदण्डको

पूर्ण पालना, समावेशी पूर्वाधार डिजाइन, सम्पत्ति व्यवस्थापन प्रणाली तथा सिँचाइ योजना र जलवायु-संवेदी भू–उपयोग योजना जस्ता रणनीतिक दस्तावेजहरूको अभाव देखिन्छ। त्यसैगरी, प्रशिक्षित जनशक्तिको कमी, जोखिम क्षेत्रको अपूर्ण नक्साङ्कन तथा आपतकालीन सञ्चालन केन्द्र (Emergency Operation Center) को अभावका कारण विपद् तथा आकस्मिक अवस्थाको प्रतिकार्य क्षमता पनि पर्याप्त सुदृढ हुन सकेको देखिँदैन।

समग्रमा, खजुरा गाउँपालिकाले सुशासन, डिजिटल प्रशासन, समावेशी योजना प्रक्रिया तथा वित्तीय पारदर्शिताका क्षेत्रमा उल्लेखनीय आधार तयार गरेको देखिए पनि संस्थागत क्षमता अभिवृद्धि, योजना–बजेट एकीकरण, मानव स्रोत व्यवस्थापन तथा जवाफदेही संयन्त्रहरूको प्रभावकारी कार्यान्वयनमा थप सुधार आवश्यक देखिन्छ। विशेषगरी, दीर्घकालीन विकासका लागि रणनीतिक योजना निर्माण, विपद् व्यवस्थापन पूर्वतयारी तथा सार्वजनिक सेवा प्रवाहको गुणस्तर सुधारमा केन्द्रित प्रयासहरूलाई थप सुदृढ गर्नु अपरिहार्य देखिन्छ।

## २.५ क्षेत्रगत रुपमा मुख्य निष्कर्षहरु

गाउँपालिकामा सम्पन्न क्षमता विश्लेषण कार्यशालामा गाउँपालिकाले आफ्ना सबल पक्षहरु र सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरी प्रस्तुत गर्नुको साथै ती विषयवस्तुहरुबारे बृहत छलफल गरिएको थियो। छलफलमा आएका विषयवस्तुहरुलाई स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) का पाँच मुख्य क्षेत्रहरूमा समेटि  यस प्रकार प्रस्तुत गरिएको छ।

| क्षेत्र | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| **सुशासन तथा संस्थागत विकास** | • परिषद् तथा कार्यपालिका बैठकहरू नियमित रूपमा स्पष्ट एजेन्डा र निर्णयसहित सञ्चालन हुने र राम्रोसँग अभिलेख राख्ने गरेको।<br>• छलफल तथा निर्णयमा सदस्यहरूको सहभागिता र सहमति सुनिश्चित।<br>• सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण अभ्यासमा।<br>• प्रगति प्रतिवेदन, निर्णय तथा वित्तीय विवरण वेबसाइट र सूचना पाटीमार्फत नियमित रूपमा प्रकाशित।<br>• SuTRA, EMIS, HMIS तथा डिजिटल वित्तीय उपकरणहरू (EFT आधारित भुक्तानी, छुट्टै बैंक खाता, e-GP खरिद प्रणाली) प्रयोग।<br>• सात चरणीय योजना प्रक्रियामा महिला तथा विपन्नको सहभागिता सुनिश्चित।<br>• आन्तरिक लेखापरीक्षण अभ्यासमा।<br>• वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन।<br>• नागरिक प्रतिक्रिया तथा गुनासो संकलनका विविध माध्यम सक्रिय।<br>• साझा हित सम्बोधनका लागि त्रैमासिक अन्तर-सरकारी समन्वय बैठक अभ्यासमा। | • वार्षिक बजेट तथा विकास कार्यक्रम आवधिक योजना, विषयक्षेत्रगत योजना तथा मध्यम-कालिन खर्च संरचनासँग मेल नखाएको।<br>• परियोजना बैंकको अभ्यास नभएकाले बजेट स–साना परियोजनामा छरिएको।<br>• स्थानीय वित्तीय नियमावली अभाव, औपचारिक वित्तीय प्रक्रिया स्थानीय सन्दर्भसँग मेल नखाएको।<br>• PAMS-V2 पूर्ण रूपमा प्रयोग नभएको, सम्पत्ति अभिलेख पुरानो।<br>• अन्तर-स्थानीय सरकार समन्वयका लागि औपचारिक संयन्त्र अभाव।<br>• नागरिकहरू गुनासो तथा प्रतिक्रिया दर्ता प्रक्रिया र प्रत्युत्तर संयन्त्रबारे कम जानकार। |
| **सामाजिक विकास** | • घट्ना दर्ता तथा सामुदायिक मध्यस्थता सम्बन्धी सार्वजनिक सेवा वडा कार्यालयमा उपलब्ध।<br>• GEDSI नीति तयार र कार्यान्वयनमा। महिला–मैत्री सुविधा जस्तै निर्माण स्थलमा छुट्टै शौचालयको व्यवस्था।<br>• विभिन्न समिति तथा संरचनामा ३३% महिला प्रतिनिधित्व सुनिश्चित। | • खानीपानी/सिँचाइ गुरुयोजना तयार नभएको।<br>• योजना तथा परियोजना कार्यान्वयनमा महिला तथा विपन्नको सहभागिता न्यून।<br>• सुरक्षा सम्बन्धी नीति (Safeguarding Policy) को अभाव।<br>• सामुदायिक मध्यस्थता तथा न्यायिक समिति केस व्यवस्थापन र समाधान प्रतिक्रिया साझेदारीमा कम प्रभावकारी। |

| क्षेत्र | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| | | • गुणस्तरीय सेवा प्रवाहका लागि मापदण्ड (SOP) तयार नगरिएको । |
| **आर्थिक विकास** | • निजी क्षेत्रसँग सहकार्यमा केही परियोजना (फोहर व्यवस्थापन, कीरा नियन्त्रण, पर्यटन प्रवर्द्धन) कार्यान्वयन ।<br>• महिला तथा विपन्नलाई रोजगारी अवसरमा प्राथमिकता । | • सार्वजनिक–निजी साझेदारीका लागि संरचनागत नीति रूपरेखा तथा संयन्त्रको अभाव । |
| **पूर्वाधार विकास** | • सडक तथा WASH गुरुयोजना उपलब्ध ।<br>• राष्ट्रिय भवन संहिता अपनाइएको र पूर्वाधार परियोजनाको नियमित अनुगमन तथा सुपरिवेक्षण ।<br>• AutoCAD जस्ता डिजाइन सफ्टवेयर प्रयोग ।<br>• प्राविधिक मूल्याङ्कन तथा फिल्ड अनुगमन अभ्यासमा । | • जलवायु–संबेदनशील भू–उपयोग योजना तयार हुन बाँकी ।<br>• PAMS-V2 मा पूर्वाधार संरचना अभिलेख तथा अद्यावधिक नभएको ।<br>• सडकको क्षेत्राधिकार सम्बन्धि मापदण्ड नभएको ।<br>• लैगिक- मैत्री पूर्वाधारको अभाव<br>• IEE तथा EIA निरन्तर रुपमा अभ्यासमा ल्याउन नसकिएको ।<br>• ठोस फोहर व्यवस्थापनका लागि उचित विधि प्रयोग नभएको ।<br>• पूर्वाधार डिजाइनमा GEDSI मैत्री सुविधाहरूको समावेश अभाव । |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | • पूर्वाधार परियोजनाहरूमा वातावरणीय मापदण्ड केही हदसम्म पालना ।<br>• बाढी तथा पहिरो सम्भावित क्षेत्र पहिचान तथा नक्साङ्कन अभ्यासमा ।<br>• एम्बुलेन्स तथा आधारभूत आपतकालीन सुविधा उपलब्ध।<br>• पूर्वाधार समितिहरूमा महिला, दलित तथा विविध समूहहरूको सहभागिता । | • निर्माण अभ्यासमा वातावरणीय मापदण्ड पूर्ण रूपमा समावेश नभएको ।<br>• विपद् जोखिम तथा Hazard Mapping (जस्तै बाढी संवेदनशीलता) अपूर्ण ।<br>• प्रशिक्षित जनशक्ति अभाव तथा आपतकालीन प्रतिक्रिया मापदण्ड (SOP) अभाव ।<br>• आपतकालीन सञ्चालन केन्द्र अझै स्थापना नभएको । |

## २.६ क्षमता विकासका आगामी प्राथमिकताहरु

खजुरा गाउँपालिकाले संस्थागत प्रणाली सुदृढीकरण, कर्मचारी क्षमता अभिवृद्धि तथा रणनीतिक योजना र सेवा प्रवाह सुधारलाई केन्द्रमा राखेर विभिन्न प्राथमिकताप्राप्त कार्यहरू निर्धारण गरेको छ । यस अन्तर्गत वडा समितिहरूका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्ने, संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) अद्यावधिक गरी स्वीकृत गर्ने तथा नेतृत्व तहहरूबीच कार्यसम्पादन सम्झौता पूर्ण रूपमा कार्यान्वयन गर्ने कार्यहरू समावेश छन् ।

यसका अतिरिक्त, वार्षिक बजेटलाई आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना (MTEF) सँग समन्वय गर्ने, स्थानीय वित्तीय कार्यविधिहरू विकास गर्ने तथा सेवा प्रवाहका मापदण्डहरूलाई संस्थागत गर्ने कार्यलाई पनि प्राथमिकतामा राखिएको छ । सामाजिक संरक्षणलाई थप प्रभावकारी बनाउन संरक्षणसम्बन्धी नीतिहरू (Safeguarding Policies) कार्यान्वयन गरिनेछ भने पूर्वाधार विकासलाई समावेशी तथा वातावरणमैत्री निर्देशिकाअनुसार अघि बढाइनेछ ।त्यसैगरी, विस्तृत जोखिम नक्साङ्कन, एम्बुलेन्स सेवा मापदण्ड सुधार तथा समझदारीपत्र (MoU) मार्फत अन्तरसरकारी समन्वयलाई औपचारिक रूप दिने कार्यहरू पनि गाउँपालिकाको प्राथमिकतामा रहेका छन् । समग्रमा, यी कार्यहरू तीन आर्थिक वर्षभित्र सुशासन सुदृढ गर्ने, कार्यसम्पादन क्षमता वृद्धि गर्ने तथा नागरिकमैत्री र सेवाग्राही–केन्द्रित सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले तय गरिएको छ ।

# खण्ड ३: क्षमता विकास योजना

## ३.१ क्षमता विकास योजना

सामान्यतयाः क्षमता विकासलाई तीन वटा आयामहरुमा विश्लेषण गर्ने गरिन्छ। पहिलो आयाम संस्थाको संरचनालाई चुस्त र दुरुस्त बनाउने विषयसँग सम्बन्धित छ। त्यसैगरी संस्थागत संरचनालाई क्रियाशील बनाउने मानव संशासन वा जनशक्ति यसको दोस्रो आयाम हो भने त्यस्तो जनशक्तिलाई तोकिएको कार्यसम्पादन गर्न आवश्यक पर्ने नीति, कानुन र सेवा प्रणालीसँग सम्बन्धित विषय यसको तेस्रो आयामको रुपमा रहेको हुन्छ। यी तीनवटै आयामको समुचित विकास र व्यवस्थापन नभएसम्म कुनैपनि संस्थाले तोकिएको जिम्मेवारी कुशलतापूर्वक र प्रभावकारी ढंगबाट गर्न सक्दैन। त्यसमा पनि गाउँपालिका जस्तो निकायले आफ्नो कार्यजिम्मेवारी भित्रका कतिपय सेवाहरु जनताको घरदैलोमै पुगेर उपलब्ध गराउनु पर्ने हुन्छ। यसका लागि गाउँपालिकाको क्षमता विकासका आयाम र क्षेत्रहरु अझै गहन र व्यापक हुन सक्दछन्।

प्रस्तुत सन्दर्भमा, यो क्षमता विकास (CD) योजना गाउँपालिकाको सेवा प्रवाहका विभिन्न क्षेत्रहरु समेटेर गरिएको संस्थागत क्षमताको विश्लेषणको अतिरिक्त जनशक्ति एवम् नीतिगत, कानुनी र सेवा प्रणालीको विश्लेषणबाट प्राप्त तथ्यहरुका आधारमा तयार गरिएको छ। यसको पहिलो खण्डमा गाउँपालिकाको संस्थागत क्षमता विकाससँग सम्बन्धित क्रियाकलापहरु समावेश गरिएको छ। यसको साथै यस खण्डमा स्थानीय तहको नीतिगत, कानुनी र सेवा प्रणाली सुधारका पक्षहरु पनि समावेश गरिएका छन्।

दोश्रो खण्डमा गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुको क्षमता विकाससँग सम्बन्धित क्रियाकलापहरु समावेश गरिएका छन्। मानव संशाधन विकास भित्र तालिम, अभिमुखीकरण, गोष्ठि, अध्ययन अवलोकन, अन्तरक्रिया, छलफल आदि विषय मात्र नभई संस्थामा आवद्ध कर्मचारी, पदाधिकारी तथा संस्थाका आन्तरिक र वाह्य व्यवस्थापन तथा संरचना समेत निहित रहेको हुन्छ। त्यसैले मानव संशाधन क्षमता विकास योजनामा गाउँपालिका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीका अतिरिक्त सेवाग्राही र साझेदार संस्थाहरुको क्षमता विकाससँग सम्बन्धित क्रियाकलापहरु समेत समावेश गरिएको छ।

यस योजनाले गाउँपालिकालाई स्पष्ट र कार्यान्वयनयोग्य क्षमता विकासका मार्गचित्र प्रदान गरेको छ। साथै यस खण्डमा समावेश गरिएका विषयहरुले गाउँपालिकाको क्षमता विकासका प्राथमिकताहरु पहिचान गरी तिनको प्रभावकारी कार्यान्वयनका लागि मार्गदर्शन समेत गरेको छ। क्षमता विकाससँग सम्बन्धित क्रियाकलापहरु कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोतको अनुमानसँगै जिम्मेवारी समेत निर्धारण गरिएको कारण प्रस्तावित क्रियाकलापहरुको कार्यान्वयनलाई सुनिश्चित गर्ने प्रयत्न गरिएको छ।

## क. संस्थागत क्षमता विकास योजना

| क्र.सं. | क्षमता विकास गतिविधिहरू | एकाइ | परिमाण | मुख्य जिम्मेवारी (शाखा ) | समयसीमा (आ.व.) | | | अनुमानित बजेट (रु. हजारमा) | | | | बजेट श्रोत (हजारमा रु.) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ८३/८४ | ८४/८५ | ८५/८६ | जम्मा | ८३/८४ | ८४/८५ | ८५/८६ | आन्तरिक | बाह्य |
| **१** | **शासन तथा संस्थागत विकास** | | | | | | | | | | | | |
| १.१ | आवधिक योजना तथा मध्यम-कालिन खर्च संरचनाको समीक्षा र वार्षिक योजना तथा बजेटसँगको अन्तर-सम्बन्धबारे कार्यशाला सञ्चालन गर्ने | संख्या | २ | योजना शाखा | ० | १ | १ | ४०० | ० | २०० | २०० | ४०० | ० |
| १.२ | विषय क्षेत्रगत दीर्घकालीन रणनीति/योजना तयार गर्ने | संख्या | २ | योजना शाखा | १ | १ | ० | ७०० | ३५० | ३५० | ० | ५०० | २०० |
| १.३ | प्रभावकारी सेवा प्रवाहका लागि विषयगत मापदण्ड (SoP) तयार गर्ने | संख्या | ४ | सम्बन्धित शाखा | १ | २ | १ | ४०० | १०० | २०० | १०० | ४०० | ० |
| १.४ | आन्तरिक नियन्त्रण कार्यविधि तर्जुमा गर्ने | संख्या | १ | आन्तरिक लेखापरीक्षण | १ | ० | ० | १०० | १०० | ० | ० | १०० | ० |
| १.५ | अन्तरपालिका समन्वय समिति स्थापना तथा कार्यान्वयन सम्बन्धी निर्देशिका तयार गर्ने | संख्या | १ | कार्यपालिका समिति | ० | १ | ० | १५० | ० | १५० | ० | १५० | ० |
| १.६ | समुदायको प्रतिक्रिया ट्र्याक गर्न डिजिटल नागरिक गुनासो तथा सुझाव प्रणाली विकास गर्ने | संख्या | ३ | सामाजिक विकास शाखा | १ | १ | १ | १५०० | ७०० | ४०० | ४०० | ५०० | १००० |
| | **जम्मा** | | | | | | | **३२५०** | **१२५०** | **१३००** | **७००** | **२०५०** | **१२००** |
| **२** | **सामाजिक विकास** | | | | | | | | | | | | |
| २.१ | डिजिटल मुद्दा दर्ता तथा प्रतिक्रिया प्रणाली विकास गर्ने | पटक | १ | न्यायिक समिति | १ | ० | ० | ३०० | ३०० | ० | ० | २०० | १०० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.२ | महिला, बालबालिका, जेष्ठ नागरिक संरक्षण तथा सामाजिक सुरक्षासम्बन्धी नीति/निर्देशिका तयार गर्ने | संख्या | १ | महिला, बालबालिका, जेष्ठ नागरिक शाखा | ० | १ | ० | २०० | ० | २०० | ० | २०० | ० |
| २.३ | न्यायिक सेवा तथा उजुरी प्रणालीबारे जनचेतना अभियान | संख्या | २ | योजना/न्यायिक शाखा | १ | ० | १ | २०० | १०० | ० | १०० | २०० | ० |
| २.४ | खानेपानी/सरसफाइ तथा स्वच्छता सम्बन्धी अभिमुखीकरण/सचेतना कार्यक्रम सञ्चालन गर्ने | संख्या | २ | खानेपानी/सरसफाइ शाखा | १ | ० | १ | २०० | १०० | ० | १०० | २०० | ० |
| २.५ | ANC/PNC भ्रमण, पोषण, स्वास्थ्य संस्थामा प्रसूति तथा SAM/MAM सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने | संख्या | ३ | स्वास्थ्य शाखा | १ | १ | १ | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| २.६ | गुणस्तरका आधारमा विद्यालय वर्गीकरण सम्बन्धी मापदण्ड SoP विकास गर्ने | संख्या | १ | शिक्षा शाखा | ० | १ | ० | २०० | ० | २०० | ० | २०० | ० |
| २.७ | लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण मुलप्रवाहिकरण रणनैतीक योजना अध्यावधिक गर्ने | पटक | १ | महिला, बालबालिका, जेष्ठ नागरिक शाखा | १ | ० | ० | २०० | २०० | ० | ० | २०० | ० |
| २.८ | बालमैत्री गाउँपालिका समबन्धी अभिमुखिकरण | पटक | १ | महिला, बालबालिका, जेष्ठ नागरिक शाखा | ० | १ | ० | ५०० | ० | ५०० | ० | ५०० | ० |
| २.९ | NWASH अध्यावधिक | संख्या | १२ | खानेपानी/सरसफाइ शाखा | ४ | ४ | ४ | १२०० | ४०० | ४०० | ४०० | ४०० | ८०० |
| | **जम्मा** | | | | | | | **३३००** | **१२००** | **१४००** | **७००** | **२४००** | **९००** |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **३** | **आर्थिक विकास** | | | | | | | | | | | | |
| ३.१ | कृषि/पशुपालन क्षेत्र पहिचानका लागि निजी क्षेत्र सहित सरोकारवालासँग परामर्श कार्यशाला | संख्या | ३ | कृषि/पशुपालन शाखा | १ | १ | १ | ३५० | १५० | १०० | १०० | ३५० | ० |
| ३.२ | सिंचाई गुरु योजना तयार गर्ने | संख्या | ३ | सम्बन्धित शाखा | १ | १ | १ | ५०० | २०० | २०० | १०० | ३०० | २०० |
| ३.३ | सार्वजनिक–निजी साझेदारीसम्बन्धी कार्यविधि तयार गर्ने | पटक | २ | सम्बन्धित शाखा | १ | १ | ० | ३०० | २०० | १०० | ० | १०० | २०० |
| ३.४ | स्थानीय उद्यमी (फर्किएका समेत) पहिचान/अद्यावधिक गरी उद्यमशीलता/प्रविधि हस्तान्तरण तालिम; नयाँ उद्यमीलाई बीउ पुँजी | संख्या | ३ | उद्यमशीलता/रोजगार शाखा | १ | १ | १ | ५००० | २००० | १५०० | १५०० | ३००० | २००० |
